# गुलरिया नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ३ गुलरिया मिति : असार २६ गते, २०८०

**भाग - २**

**गुलरिया नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालयको सूचना**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिका नगरकार्यपालिकाको मितिः २०८०।०३।२३ मा जारि गरिएको **कार्यविधि/** नियामालि /निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सम्बत् २०८० सालको कार्यविधि नं. ३

## विद्यालय व्यवस्थापन सहयोग अनुदान कार्यविधि -२०८०

**प्रस्तावना:**

संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख बनाउन सबैको शिक्षामा सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न संघीय संसदले बनाएको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा २७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को भावनालाई आत्मसाथ गर्दै यस गुलरिया नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक आधारभुत तह (१-५) आधारभूत तह (६-८) तथा माध्यमिक तहका विद्यालय (९-१२) हरूमा तहगत तथा विषयगत शिक्षक दरबन्दीको पर्याप्तता नभएका कारण विद्यालयको नियमित पठनपाठन सञ्चालनमा समस्या देखिएको छ। गुलरिया नगरपालिकाले उक्त समस्यालाई समाधानको प्रयास स्वरूप तोकिएको मापदण्डका आधारमा विद्यालय व्यवस्थापन सहयोग अनुदान उपलब्ध गराउने उद्देश्यले गुलरिया नगरपालिकाको शिक्षा ऐन **२०७५ को दफा ५३** ले दिएको अधिकार प्रयोग गरी यो **विद्यालय व्यवस्थापन सहयोग अनुदान कार्यविधि २०८०** तयार गरिएको छ।

आज्ञाले

ओमकार शाह

प्रमुख प्रशासकीय अधिकृत

# विद्यालय व्यवस्थापन सहयोग अनुदान कार्यविधि, २०८०

## १. पृष्ठभूमिः

शैक्षिक स्तर सुधारमा सामुदायिक विद्यालय व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ । यस गुलरिया नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक आधारभुत तह (१-५) आधारभूत तह (६-८) तथा माध्यमिक तहका विद्यालय (९-१२) हरूमा तहगत तथा विषयगत शिक्षक दरबन्दीको पर्याप्तता नभएकाकारण विद्यालयको नियमित पठनपाठन सञ्चालनमा समस्या देखिएको छ । गुलरिया नगरपालिकाले उक्त समस्यालाई समाधानको प्रयास स्वरूप तोकिएको मापदण्डका आधारमा विद्यालय व्यवस्थापन सहयोग अनुदान उपलब्ध गराउने उद्देश्यले गुलरिया नगरपालिकाको शिक्षा ऐन **२०७५ को दफा ५३** ले दिएको अधिकार प्रयोग गरी यो **विद्यालय व्यवस्थापन सहयोग अनुदान कार्यविधि २०८०** तयार गरिएको छ ।

## परिच्छेद १

### १.१ संक्षिप्त नाम र प्रारम्भ

१.१.१ यो कार्य विधिको नाम **विद्यालय व्यवस्थापन सहयोग अनुदान कार्यविधि-२०८०** रहेको छ ।

१.१.२ को कार्यविधि गुलरियानगर कार्यपालिकाले स्वीकृत गरेपछि लागु हुनेछ ।

### १.२ परिभाषा

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा :**

**क)** "ऐन" भन्नाले गुलरिया नगरपालिकाको शिक्षा ऐन २०७५ लाई सम्झनु पर्दछ ।

**ख)** "नगरपालिका" भन्नाले गुलरिया नगरपालिका सम्झनु पर्दछ ।

**ग)** नगर कार्यपालिका" भन्नाले गुलरिया नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

**घ)** "विद्यालय भन्नाले" नियमानुसार अनुमति वा स्वीकृत प्राप्त गुलरिया नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालय सम्झनुपर्छ ।

**ङ)** "शिक्षक दरबन्दी" भन्नाले विद्यालयमा नेपाल सरकारले उपलब्ध गराएको दरबन्दी तथाराहत दरबन्दी सम्झनुपर्दछ ।

**च)** "न्युन दरबन्दी" भन्नाले तहगत कक्षागत तथा विषयगत रुपमा ऐन वा नगरपालिका दरबन्दी मिलान आधारले तोके भन्दा कमदरबन्दी रहेको अवस्था सम्झनु पर्दछ ।

**छ)** "आधारभूत विद्यालय" भन्नाले बाल कक्षा / कक्षा १ देखि कक्षा ८ सम्म सञ्चालित भएको विद्यालय सम्झनु पर्छ ।

**ज)** "माध्यमिक विद्यालय" भन्नाले बाल कक्षा / कक्षा १ देखि कक्षा १० वा बाल कक्षा / कक्षा१ देखि कक्षा १२ सम्म सञ्चालन भएको विद्यालय सम्झनु पर्छ ।

### १.३ उद्देश्य

नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा रहेकोतहगत, कक्षागत तथा विषयगत शिक्षकहरूको कमीलाई आंशिक रुपमा परिपूर्ती गर्नु र विद्यालयको अन्य शैक्षिक तथा भौतिक पक्षव्यवस्थापन गर्दै विद्यालयशिक्षाको गुणस्तर,शिक्षामा पहुँच,अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गराउँदै विद्यार्थीहरूकोसिकाइ उपलब्धि अभिवृद्धि गरी शैक्षिक गुणस्तरमा सुधार गर्ने ।

## परिच्छेद २

## विद्यालय व्यवस्थापन सहयोग अनुदान वितरण गर्ने मापदण्ड तथा आधारहरू

**२.१** विद्यालय व्यवस्थापन सहयोग अनुदान वितरण गर्दा देहायका मापदण्ड तथा आधारहरू अवलम्बन गरिने छ :

**क)** आधारभूत तह कक्षा १ देखि ५ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमाकुनै पनि शिक्षक दरबन्दी नभएको वा कम दरबन्दी भएकातथा कुनै किसिमको अनुदान नपाएका सामुदायिक विद्यालयमा कक्षा १-५ का लागि अर्को व्यवस्था नभए सम्मका लागि अनिवार्य विद्यालय व्यवस्थापन सहयोग अनुदान ।

**ख)** आधारभूत तह कक्षा १ देखि ८ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमाकक्षा ६ -८(साविक निम्न माध्यमिक तह) मा कुनै पनि शिक्षक दरबन्दी नभएको वा **विषयगत दरबन्दी कम भएका सामुदायिक विद्यालयमा कक्षा ६-८ का लागि** अर्कोव्यवस्था नभए सम्मका लागि अनिवार्य विद्यालय व्यवस्थापन बापत सहयोग अनुदान ।

**ग)** आधारभूत तह कक्षा १ देखि ८ सम्म सञ्चालन भई साविक निम्न माध्यमिक तहको १ दरबन्दी मात्र रहेको सामुदायिक विद्यालयमा आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन बापत सहयोग अनुदान।

**घ)** माध्यमिक तह कक्षा १-१० सञ्चालन भई कूल शिक्षक दरबन्दी ९ वा सो भन्दा कम भएका सामुदायिक विद्यालयलाई कक्षा ६-८ वा कक्षा ९-१० का लागि विद्यालय व्यवस्थापन सहयोग अनुदान ।

**ङ)** माध्यमिक तह कक्षा ११ र १२ सञ्चालनका लागि अनुमति/स्वीकृत भई कक्षा १२ को शैक्षिक सत्र पूरा गरेका सामुदायिक विद्यालयमा विभिन्न संकाय सञ्चालन भएको नेपाल सरकारबाट कुनै पनि शिक्षक अनुदान वा दरबन्दी प्राप्त नभएको वा संकाय अनुसार कम दरबन्दी रहेको भए विद्यालय व्यवस्थापन सहयोग अनुदान ।

**च)** न्युन दरबन्दी भएका तथा विद्यार्थी सङ्ख्या धेरै भएका साथै अङ्ग्रेजी माध्यमबाट कक्षासञ्चालन गर्ने विद्यालयहरूलाई विद्यालय व्यवस्थापन सहयोग अनुदान कक्षा १-५ वा कक्षा १-३ सञ्चालित विद्यालयलाई समेत प्रदान गर्न सकिनेछ ।

## परिच्छेद ३

## विद्यालय व्यवस्थापन सहयोग अनुदान वितरण सम्बन्धी व्यवस्था

**३.१** परिच्छेद २ को दफा २.१ (क), (ख), (ग) र (घ)(ङ)र (च) बमोजिमको मापदण्ड पूरा गरेका सामुदायिक

विद्यालयहरूलाई नगरपालिकाको विनियोजित बजेटबाट देहाय बमोजिम रकम उपलब्ध गराइनेछः

**क)** आधारभूत सामुदायिक विद्यालयको कक्षा १-५ हकमा विद्यालय व्यवस्थापन सहयोगअनुदान वापतएकमुष्ट रु. २,००,०००/-

**ख)** आधारभुत सामुदायिक विद्यालयको कक्षा ६-८को हकमा विद्यालय व्यवस्थापन सहयोग अनुदान बापतएकमुष्ट रु. २,५०,०००/-

**ग)** माध्यमिक सामुदायिक विद्यालयको कुनै तहमा सो तहको दरबन्दी वा नगर शिक्षक नभएको हकमा कक्षा ९-१० को विद्यालय व्यवस्थापन सहयोगअनुदान बापत एकमुष्ट रु. ४,००,०००/-

**घ)** माध्यमिक सामुदायिक विद्यालयको हकमा कक्षा ११ र १२ को विद्यालय व्यवस्थापनसहयोग अनुदान बापत(न्युनतम एक संकाय सञ्चालित भई सो अनुसारको दरबन्दी नभएका वा कम भएका) विद्यालयहरुलाई न्युनतम एक संकाय सञ्चालनका लागि कक्षा (११-१२)मा ८० जना भन्दा कमविद्यार्थी संख्या भए एकमुष्ट रु ३०००००|– दिने तरविद्यार्थी संख्या ८० जना भन्दा बढी भई एक भन्दा बढी संकाय सञ्चालित विद्यालयहरुलाई प्रति विद्यार्थी रु ३०० को दरले एकमुष्ट अनुदान दिनेछ ।

**ङ)** दफा **३.१** को बुँदा नं. **घ** अनुसार सञ्चालनमा रहेका विद्यालयहरुले विज्ञान संकाय सञ्चालन गरेमा थप प्रोत्साहन बापत सो अनुसारको दरबन्दी वा अनुदान शिक्षक नभएको हकमाएकमुष्ट रु.४,००,०००/- थप हुनेछ । विज्ञान संकाय सञ्चालन गर्न इच्छुक विद्यालयले अनुमतिको लागि बैशाख मसान्त भित्र फाइल पेश गरी प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

**च)** अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने विद्यालयको हकमा विद्यालय व्यवस्थापनसहयोग अनुदान बापत एकमुष्ट रु. १,५०,०००/-

**३.२** उल्लेखित सहयोग अनुदान वितरण गर्दा विद्यालयको हालसम्मको शैक्षिक प्रगति विवरणलाईआधार बनाइ प्रोत्साहन अनुदान थप गर्न सकिनेछ ।

**३.३** यस कार्यविधि बमोजिम एक पटक अनुदान पाइसकेका विद्यालयलाई साविककोमा शिक्षक दरबन्दी थप भएको, विद्यार्थी सङ्ख्या उल्लेख्य रुपमा घटेको लगायत अन्य मनासिव कारणबिना प्रदान गरिदैआएको अनुदान रकम कट्टा गरिने छैन ।

**३.४** अघिल्लो आ.व.मा यस प्रकारको अनुदान प्राप्त गरेका विद्यालयले अनुदान रकम माग गर्दानियमानुसार खर्च गरेको कागजातको साथमा प्रगति विवरण र आगामी आ.व.को योजनाप्रस्ताव पेश गर्नुपर्नेछ ।

**३.५** नगरपालिकाबाट विद्यालय व्यवस्थापन सहयोग अनुदान शिर्षकमाविनियोजन हुने प्रत्येक आर्थिक बर्षको बजेटका आधारमा बुँदा **३.१** मा विद्यालयलाई प्रदानगरिने अनुदान रकममा आवश्यकता अनुसार हेरफेर गर्न सकिनेछ

।विनियोजित बजेटका आधारमा शिक्षा समितिले विद्यालयको आवश्यकता र सञ्चालित संकाय  हेरी प्रति विद्यार्थी दिने अनुदान दर र एकमुष्ट अनुदानमा बृद्दि गर्न सकिनेछ ।

**३.६** विद्यालयहरुले प्राप्त गरेको अनुदानलाई विद्यालयकोजुन तहको कक्षा व्यवस्थापन शिर्षकमा प्राप्त भएको छ सोही तहमा वा विद्यालयको आवश्यकता अनुसारको कार्ययोजना बमोजिमका कार्यक्रम वि व्य सबाट निर्णय गराई शैक्षिक गुणस्तर अभिबृद्धि कार्यक्रम तथा विद्यालय व्यवस्थापनमा खर्च गर्नु पर्नेछ।साथै खर्चको प्रगतित्रैमासिक रुपमा शिक्षा युवा तथा खेलकुद शाखामा पठाउनु पर्नेछ ।

**३.७** विद्यालय व्यवस्थापन सहयोग अनुदानका लागि नगरपालिकाले हरेक बर्षका लागि बजेट बिनियोजन गर्नेछ नगर सभाबाट बजेट बिनियोजन नभएको अवस्थामा अनुदान स्वतःकट्टा हुनेछ ।

## परिच्छेद ४
## विद्यालय व्यवस्थापन सम्बन्धी व्यवस्था

**४.१** परिच्छेद ३ बमोजिमअनुदान प्राप्त विद्यालयले देहायको प्रक्रियाका आधारमा विद्यालयव्यवस्थापन गर्नुपर्नेछ ।

**क)** प्राप्त भएको अनुदानलाई माध्यमिक तह(कक्षा ११ र १२ )को संकाय अनुसार आवश्यकता भएका पूर्णकालिन वा आंशिक समय(Part time)का शिक्षक व्यवस्थापन गर्न सकिनेछ ।तर संकाय अनुसारका माथिल्लो योग्यता भएका शिक्षक सो विद्यालयमा उपलब्ध भएमा संकाय अनुसारको विषय पठन पाठन गराउन सकिनेछ ।५ पिरियड भन्दा बढी पठन पाठन गराउने माथिल्लो योग्यता भएका जुन सुकै तहका बढीमा थप ३ पिरियड शिक्षण गराउने शिक्षकलाई प्रोत्साहन भत्ता स्वरुप मासिक रु ३०००।-थप गर्न सकिनेछ।सम्बन्धित विद्यालयको शिक्षकको योग्यता भई संकाय अनुसारको कक्षा पठन पाठन गर्नमा इच्छुकता नदेखाएमा अन्य विद्यालयबाट इच्छुक संकाय अनुसारको योग्यता भएका शिक्षक व्यवस्थापन गरी सो विद्यालयमा सम्बन्धित विद्यालयका शिक्षकको व्यवस्थापन शिक्षा समितिले गर्न सकिनेछ ।संकाय अनुसारका विषयका शिक्षक विद्यालयहरुमा धेरै भएमा शिक्षा युवा तथा खेलकुद शाखाले तोकेकोमापदण्ड अनुसारविद्यालयलेमाथिल्लो तहमा पठन पाठन गराउनका लागि  शिक्षक छनौट गर्नु पर्नेछ ।

**ख)** शिक्षक व्यवस्थापन सहयोग अनुदान प्राप्त सामुदायिक विद्यालयले शिक्षक पदपूर्ती गर्दासम्बन्धिततहका लागि **अङ्ग्रेजी, गणित र विज्ञान** विषयलाई मुख्य प्राथमिकतादिनुपर्नेछ । अन्य विषयको शिक्षकपदपूर्ती गर्नुपर्ने भएमा स्पष्ट आधार खुल्ने विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षा युवा तथा खेलकुद शाखा समक्ष अनुमतिका लागि निवेदन पेशगर्नुपर्नेछ । यसरी प्राप्त निवेदन अध्ययन गर्दा अङ्ग्रेजी, गणित र विज्ञान बाहेक अन्यविषयको शिक्षक पदपूर्तिका लागि अनुमति दिन मनासिव देखिएमा नगर शिक्षा शाखाले आवश्यक निर्णय लिन सक्नेछ ।

**ग)** शिक्षक पदपूर्ति सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन र गुलरियानगरपालिकाको शिक्षा ऐन-२०७५ तथा स्वयमसेवक शिक्षक व्यवस्थापन कार्यविधी २०७८ बमोजिम हुनेछ।

**घ)** विद्यालय व्यवस्थापन सहयोग अनुदानबाट जुन तहको लागि अनुदान प्राप्त भएको हो सो व्यवस्थापन भएमा विद्यालयमा आवश्यकता बमोजिम प्रचलित शिक्षा ऐन नियमावली तथा शिक्षक सेवाआयोग नियमावली अनुसार प्रक्रियापूरा गरी कार्यरत रहेका अन्य जनशक्तिको पारिश्रमिक तथा अन्य विद्यालय क्रियाकलापमा व्यवस्थापन गर्न बाधा हुनेछैन।

## परिच्छेद ५
## वडा स्तरबाट विद्यालयलाई दिने अनुदान सम्बन्धी व्यवस्था

**५.१** वडाले विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न आफनो वडा भित्रका विद्यालयहरुका लागि विद्यालय व्यवस्थापन सहयोग अनुदान विनियोजन गर्न सक्नेछ।

**५.२** वडाले आफनो वडा भित्रका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न वा अंग्रेजी माध्यमबाट पठन पाठन व्यवस्थापन गर्न दफा ३.१ अनुसार बजेट विनियोजन गर्न सकिनेछ वडाबाट विनियोजित शैक्षिक क्षेत्रको बजेट विद्यालयले विनियोजित शिर्षकमा मात्र खर्चगर्नुपर्नेछ।तर वडाबाट अङ्ग्रेजी माध्यमबाट पढाइ हुने विद्यालयलाई प्रदान गरिनेदफा ३.१ अनुसारको एकमुष्ट अनुदान विद्यालयले अंग्रेजी माध्यमबाट शिक्षण गर्ने क्रियाकलापमा खर्च गर्नु पर्नेछ।

**५.३** वडाले आवश्यकता अनुसार विद्यालय व्यवस्थापनका लागि बजेट अनुदान दिन सक्नेछ। वडाबाट प्राप्त भएको अनुदान विद्यालयले शैक्षिक गुणस्तर बृद्धि गर्न वा विद्यालयको आवश्यकताका आधारमा खर्च गर्न सकिनेछ। सो को प्रगति शिक्षा युवा तथा खेलकुद शाखामा त्रैमासिक रुपमा पेश गर्नु पर्नेछ। वडाबाट शिक्षक व्यवस्थापन अनुदान दिइएको भए सो को जानकारी नगरपालिकालाई दिनुपर्नेछ। एउटै शिक्षकको लागि नगरपालिका र वडाबाट दोहोरो पर्नेगरी बजेट अनुदान दिन पाइनेछैन। वडाबाट शिक्षक व्यवस्थापन भएका शिक्षकको परिश्रमिक वडाले नै हरेक बर्षको लागि बिनियोजन गर्नु पर्नेछ बिनियोजन नगरेको खण्डमा सो अनुदान बन्द हुनेछ। वडाबाट शिक्षक व्यवस्थापन शिर्षकमा अनुदान विनियोजन गर्नको लागि सम्बन्धित विद्यालयमा शिक्षकको शिक्षा शाखाले आवश्यकता भए नभएको यकिन गरे पछि मात्र शिक्षक व्यवस्थापन गर्न पाइनेछ।

## परिच्छेद ६
## विविध

**६.१** अनुदान प्राप्त गरेका विद्यालयहरुले नेपालको संविधानको धारा ३१ मा भएको व्यवस्था अनुसार शिक्षा सम्बन्धी हक पूर्णमा कार्यान्वयन गराउने दायित्व विद्यालयको हुनेछ।

**६.२** यो कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन सहयोग अनुदान रकम नगरपालिकाले व्यवस्थापन सँग सम्बन्धित आवश्यक कागजात विद्यालयबाट प्राप्त भएपछि एकमुष्ट वा त्रैमासिक रुपमा विद्यालयको खातामा जम्मा हुनेछ।

**६.३** विद्यालय व्यवस्थापन सहयोग अनुदान बापत प्राप्त रकम शिक्षकको तलब भत्ता तथा अन्य विद्यालयको आवश्यकता अनुसार का कार्यक्रममा खर्च गर्न सकिनेछ।

**६.४** यो कार्यविधिमा व्यवस्था भए बमोजिम वितरण हुने शैक्षिक व्यवस्थापन सहयोग अनुदानकोअतिरिक्त सम्बन्धित सामुदायिक विद्यालय अवस्थित वडाको बजेटबाट अतिरिक्त रकमकोव्यवस्था गर्न सकिनेछ। यसरी व्यवस्था गरिएको अनुदान रकमको व्यवस्थापन प्रक्रिया यसैकार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

**६.५** यो कार्यविधि आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।